प्रहरी प्रधान कार्यालय

केन्द्रीय अनुसन्धान ब्यूरोमहाराजगंजकाठमाडौं

"दण्डहिनता विरुद्ध **CIB** को अभियान"

visit Nepal 2020

मिति २०७६/१२/०६ गते।

**विषय** :- प्रेस विज्ञप्ती

## " अबैध अन्तराष्ट्रिय SMS SIM Box Fraud (SMS Bypass) मा संलग्न भारतीय नागरिक पक्राउ "

काठमाडौं उपत्यकाका बिभिन्न स्थानमा नेपाल सरकारको कुनै पनि निकायबाट अनुमति नलिई उपकरण राखी गैरकानूनी रुपमा अन्तर्राष्ट्रिय **SMS SIM Box Fraud (SMS Bypass)** संचालन भईरहेको छ भन्ने जानकारी प्राप्त भई निरन्तर सूचना संकलन तथा निग्रानी गर्ने क्रममा का.जि.का.म.न.पा.वडा नं.२५ टेंगाल, नरदेबी स्थित तुल्सी महर्जनको घरमा कोठा भाडामा लिई EP -176, Satin Sen Pally, Sarsuna, South 24 Pargonas West Bengal, India बस्ने **भारतीय नागरिक बर्ष ३५ को प्रशान्त साहलाई** अवैध रुपमा अन्तराष्ट्रिय **SMS SIM Box Fraud (SMS Bypass)** गरिरहेको अबस्थामा अभियुक्त निम्न उपकरण सहित मिति २०७६/१२/०५ गते पक्राउ गरी दूरसंचार ऐन, २०५३ अन्तर्गत अनुसन्धान कार्य भैरहेको।

**पक्राउ प्रतिवादी**



**बरामद उपकरणहरु**



**बरामद उपकरणहरु :**

- ६४ पोर्टको GOIP गेटवे थान-२।
- TP Link Router थान-१।
- Nokia कम्पनीको Router थान-१।
- HP कम्पनीको ल्यापटप थान-१ ऐ.ऐ.को Charger थान – १।
- DyNex कम्पनीको ब्याट्री थान-१।
- Sukam कम्पनीको इनभर्टर थान-१।
- Gateway को Adapter थान – २।
- नेपाल टेलिकमको सिमकार्ड थान-३०।
- NCELL कम्पनीको सिम कार्ड थान-१८५।
- विभिन्न कम्पनीका मोबाइल थान- ६।
- निजको नाममा जारी भएको पासपोर्ट थान – १।
- **SMS SIM Box Fraud** मा प्रयोग हुने बिभिन्न तार लगायतका सामाग्री।

**प्रारम्भिक अनुसन्धाबाट खुल्न आएका कुराहरु :**

- विगतमा हुने अवैध अन्तराष्ट्रिय VOIP Call Bypass गर्ने गरेकोमा प्रहरीको सकृयतामा Operation हुने गरेकोले पछिल्लो समयमा SMS SIM Box Fraud (SMS Bypass) गरी नयाँ तरिका अपनाएको ।
- अत्याधुनिक प्रविधि (GOIP Gateway) को प्रयोग गरेर नेपालमा पहिलो पटक SMS SIM Box Fraud (SMS Bypass) गरेको ।
- पक्राउ अभियुक्त प्रशान्त साह आफैले VOIP मा प्रयोग गरिने सम्पूर्ण उपकरण भारत देखि आफैले लिएर आएको ।
- SMS SIM Box Fraud गर्नको लागि आवश्यक SIM Cards र Recharge Cards आफै विभिन्न पसलहरुमा गई बिना कागजात बढी रकम दिई लिने गरेको ।
- निज प्रशान्त साहले Online मार्फत सम्पर्क गरी World Link को Internet प्रयोग गरेको ।
- का.जि.का.म.न.पा.२५, टेंगाल नरदेवीमा तुल्सी महर्जनको घरमा प्रति महिना रु. १५,०००।–(पन्ध्र हजार) मा कोठा भाडामा लिई सोही कोठामा अवैध SMS SIM Box Fraud गरेको ।
- निज प्रशान्त साह घुम्ने र व्यापार गर्ने प्रयोजनका लागि भनी पटक पटक नेपाल आउ जाउ गर्ने गरेको ।
- निज आफैले International Carrier सँग प्रत्यक्ष सम्पर्क गरी SMS SIM Box Fraud (SMS Bypass) गर्ने गरेको ।
- निजले अन्य व्यक्तिहरुको प्रयोग नगरी आफैले गोप्य रुपमा सम्पूर्ण काम गरेको खुल्न आएको ।
- उक्त कार्यमा निज एक्लै संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको ।

प्रहरी उपरीक्षक
(वेल बहादुर पाण्डे)
प्रवक्ता
सम्पर्क नंबर:- ९८५१२९१३११